## ३.६ बीमा

## १. पृष्ठभूमि

विश्वव्यापीकरण तथा आर्थिक उदारीकरणको परिणामस्वरुप नेपालको बीमा क्षेत्रको विकासले केही गति लिन थालेको छ । विगतको द्वन्द्वकाल र हाल यो सङ्क्रमणकालीन राजनैतिक अस्थिरताका कारण जुन गतिमा तीव्र आउनु पर्ने थियो त्यो हुन नसकेको अवस्था विद्यमान छ । त्रिवर्षीय योजना अवधिमा बीमा व्यवसायले तीव्रता पाएको हुदा बीमक (जीवन तथा निर्जीवन बीमा कम्पनी) बीमित (बीमा सेवा प्रापक), बीमा अभिकर्ता, बीमा सर्भेयर, बीमाशुल्क, बीमा क्षेत्रले गरेको लगानी, राष्ट्रिय अर्थतन्त्रमा बीमाले पुर्‍याएको योगदान, बीमा उद्योगले सिर्जना गरेको रोजगारीको प्रत्यक्ष तथा परोक्ष अवसरहरु, आदिमा उल्लेख्य वृद्धि भएको छ । बीमा नियमन निकायहरुको अर्न्तराष्ट्रिय तथा अन्तरक्षेत्रीय सङ्गठनहरुमा बीमा समितिको भूमिकामा वृद्धि हुनुका साथै बीमा सेवामा दुर्गम ग्रामीण क्षेत्र तथा न्यून आय वर्गको पहुँचर अर्न्तराष्ट्रिय मापदण्डअनुरुप यस संस्थाको गुणस्तर वृद्धि गर्नु आवश्यकता भएको छ ।

## २. अद्यावधिक स्थिति

### त्रि-वर्षीय अवधिमा सम्पन भएका कार्यहरु

१. बीमा सम्बन्धी अर्न्तराष्ट्रिय मापदण्डको आधारमा नेपालको बीमा क्षेत्रको समग्र मूल्यांकन गरी प्राप्त नतिजाको आधारमा बिस्तृत कार्य योजना (Action Plan) बनाई बीमाको स्तर वृद्धिसंग सम्बन्धित प्रणालीहरु बिकास गर्ने कार्य भइरहेको ।

२. प्रचलनमा रहेको जीवन बीमा तथा मोटर बीमा, अग्नि बीमा, दुर्घटना बीमा र वैदेशिक रोजगार जीवन बीमा तर्फ बीमालेख (बीमा करार) हरुलाई सरलीकरण गरिनुका साथै नयाँ बीमालेखहरु प्रचलनमा ल्याईएको तथा बीमा दावी भुक्तानीप्रकृयालाई सरल बनाउन अवलम्बन गर्नुपर्ने उपायहरु पहिचान गरिएको ।

३. ग्रामिण क्षेत्र तथा न्यून आय वर्गको बीमा सम्बन्धी आवश्यकता पहिचान गरिनुका साथै तेश्रो पक्ष प्रतिको दायित्व बीमा अनिवार्य गरिएको ।

४. बीमा सम्बन्धी जनचेतना अभिवृद्धि गर्न कार्यक्रमहरु संचालन गरिएको ।

५. प्रचलित बीमा ऐन, २०४९ लाई प्रतिस्थापन गर्नका लागि नयाँ बीमा ऐनको मस्यौदा तयार गरिनुका साथै बीमा ब्यवसायसंग सम्बन्धित निर्देशनहरु जारी गरिएको ।

६. बीमकको कर्मचारी, बीमा अभिकर्ता, सर्भेयर तथा बीमा समितिका कर्मचारीहरुलाई तालिमहरु प्रदान गरी बीमा व्यवसायको लागि आवश्यक जनशक्तिको विकास गरिएको ।

७. बीमा क्षेत्रको विद्यमान सेवाहरु परिमार्जन तथा बाली बीमा, पशु बीमा तथा पेशागत दायित्व बीमा लगायतका बीमा सेवाको कार्य क्षेत्रहरु पहिचान, कृषि क्षेत्रको लगानी सुरक्षित गर्नका लागि कृषि तथा सहकारी मन्त्रालयको सहकार्यमा कृषि तथा पशुपन्छि बीमा गर्न निर्देशन दिई सकेको ।

८. स्वदेशमा पुनर्बीमा कम्पनी स्थापना गर्न आवश्यक वातावरण तयार गरिनुका साथै पुनर्बीमा सम्बन्धी सुदृढ, पारदर्शी तथा विश्वसनिय व्यवस्था विकासका लागि आकस्मिक बीमा कोषलाई पुनर्बीमा कम्पनीमा परिणत गर्न एक उप समिति गठन गरी कार्य आरम्भ गरिसकेको ।

९. चुक्तापूंजी वृद्धि गरी जीवन बीमा गर्ने बीमकको हकमा न्यूनतम रु. ५० करोड र निर्जीवन बीमा व्यवसाय गर्ने बीमकको हकमा न्यूनतम रु.पच्चीस करोड पुर्‍याउन बीमकहरुलाई निर्देशन दिईसकेको ।

१०. स्वास्थ्य बीमा कार्यक्रम परीक्षणको रुपमा लागू गर्ने कार्यका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नेतृत्वमा बीमा समिति प्रतिनिधी रहेको एक उप-समिति गठन गरी तत्सम्बन्धमा अवधारणा पत्र तयार गरिएको ।

## समस्या र चु नौतिहरु

बीमा सम्बन्धी जनचेतनाको कमी, आवश्यकता अनु रुपको दक्ष जनशक्तिको अभाव, समाजको ठूलो हिस्सामा बचतगर्ने क्षमताको कमि तथा बीमकहरुसंग रहेको रकम लगानीको लागि उपयुक्त अवसरहरु पर्याप्त मात्रामा उपलब्ध नहुनु बीमा व्यवसायमा अस्वस्थ्य प्रतिस्पर्धा हुनु, देश भित्र पुनर्बीमाको स्थापना नहुनु र विभिन्न निकाय तथा विदेशी संस्थाहरु लगायत अन्य निकायहरुबाट बीमालाई प्राथमिकता नदिनु जस्ता समस्याहरु बीमा क्षेत्रमा विद्यमान रहेका छन् ।

अन्र्तराष्ट्रिय मापदण्ड अनु रुप बीमा सेवाको गुणस्तर वृद्धि गर्नु, निर्जीवन बीमालाई सामाजिक तथा प्राकृतिक जोखिम भूकम्प, हिम नदीको प्रकोपबाट उत्पन्न हुन सक्ने आर्थिक क्षति व्यवस्थापन गर्ने सशक्त संयन्त्रको रुपमा स्थापित गर्नु, जीवन बीमालाई आर्थिक सुरक्षाका साथै दीर्घकालिन बचत र लगानीको उत्तम माध्यमको रुपमा स्थापित गरी छरिएर रहेको बचतलाई परिचालन गर्दै राष्ट्र निर्माणको लागि आवश्यक पूँजी निर्माण गर्ने दिगो आधारको रुपमा विकास गर्नु र यस सेवालाई दुर्गम ग्रामिण क्षेत्र तथा समाजका न्यून आय भएका वर्ग लगायत सबै तहसम्म पुर्याउनु आजको प्रमुख चुनौतीहो ।

## ३. दीर्घकालीन सोच

बीमाको माध्यमबाट नेपाल राज्यको अर्थतन्त्रको दिगो विकासमा टेवा पुर्याउने ।

## ४. उद्देश्य

१. अन्र्तराष्ट्रिय मापदण्ड तथा राष्ट्रिय आवश्यकताअनुरुप बीमा सेवाको स्तर अभिवृद्धि गर्ने ।
२. दुर्गम ग्रामीण क्षेत्र तथा समाजका न्यून आय भएका वर्गलगायत सबै तहसम्म बीमा सेवाको पहुँच पुर्याउने ।
३. बीमितको हित संरक्षणका लागि आवश्यक आधारहरु तर्जुमा गरी बीमा व्यवसायको विश्वसनीयता अभिवृद्धि गर्ने ।

## ५. रणनीति

१. दुर्गम ग्रामीण क्षेत्र र न्यून आय भएका वर्ग लगायत समाजका सबै तहको लागि उपयुक्त बीमा सेवाहरुको विकास गरिनेछ ।
२. बीमितको हित संरक्षण सुनिश्चित गर्न विश्वसनीय संयन्त्रहरुको विकास गरिनेछ ।
३. बीमाको दायरालाई कृषि तथा पशु विकासलगायत विभिन्न उत्पादनशील क्षेत्रमा विस्तार गर्ने ।

## ६. कार्यनीति

१. दुर्गम ग्रामीण क्षेत्र तथा न्यून आय भएको वर्गको आवश्यकता पहिचान भए अनुरुप उपयुक्त लघु बीमा सेवाहरुको विकास गरिने छ ।(१)
२. बीमासम्बन्धी अन्र्तराष्ट्रिय मापदण्डको आधारमा नेपालको बीमा क्षेत्रको मूल्याङ्कन गरी तयार पारिएको विस्तृत कार्य योजना बमोजिम बीमाको स्तर वृद्धिसँग सम्बन्धित प्रणालीहरु विकसित गर्दै लगिने छ । (२)
३. बीमा क्षेत्रमा विद्यमान सेवाहरुमा परिमार्जन गरी नयाँ क्षेत्रहरुको पहिचान र विस्तार गरिनेछ ।(२)
४. बीमा दाबी सरलीकरणका लागि प्रभावकारी वैकल्पिक संयन्त्रको विकास गरिनेछ । (३)
५. स्वदेशमा पूनर्बीमासम्बन्धी व्यवस्थाको विकास गरिनेछ । (३)
६. बीमकहरु एक आपसमा गाभिने, स्वामित्व हस्तान्तरण वा ग्रहण गर्ने, खारेजी हुने अवस्थामा समेत बीमित, कर्मचारी, मध्यस्थकर्ता तथा लगानीकर्ताहरुको हित सुनिश्चित गरिने व्यवस्था गरिनेछ । (३)
७. बीमकको आर्थिक व्यवसायिक क्षमता कायम राख्न सोल्भेन्सी मार्जिन (Solvency Margin and Risk Based Capital) लगायतका विषयहरुका कार्यविधिहरु तर्जुमा गरी लागू गरिनेछ । (३)
८. स्वास्थ्य बीमा, बाली बीमा, पशु बीमा र लघु बीमा को बिकास गरीने छ । (३)

## ७. प्रमुख लक्ष्यहरु

अर्न्तराष्ट्रिय मापदण्ड तथा राष्ट्रिय आवश्यकता अनुरुप बीमा सेवाको स्तर अभिवृद्धि भएको हुने, दुर्गम ग्रामीण क्षेत्र तथा समाजका न्यून आय भएका वर्गलगायत सबै तहको बीमा सेवा (लघुबीमा समेत) मा पहुँच पुगेको हुने र बीमा उद्योगले कर्मचारी, बीमा अभिकर्ता र सर्भेयरको रुपमा करिब १,१०,००० व्यक्तिलाई रोजगारीको अवसर प्रदान गरेको हुनेछ ।

## ८. मुख्य मुख्य कार्यक्रमहरु

१. नेपालमा पुर्नबीमा कम्पनी स्थापना गर्ने ।

२. समितिको सुपरीवेक्षण कायलाई अझै स्तरीय बनाउन Risk Based Capital र Solvency Margin को बिकास गर्ने ।

३. एक आपसमा गाभिन, स्वामित्व हस्तान्तरण वा ग्रहण गर्न बीमकलाई प्रोत्साहन गर्ने ।

४. बीमा दाबी सरलीकरणका लागि प्रभावकारी वैकल्पिक संयन्त्रको विकास गर्ने ।

५. स्वास्थ्य बीमा, बाली बीमा, पशु बीमा र लघु बीमा को बिकास गर्ने ।

## ९. नतिजा खाका

| नतिजा<br>Result | सूचकहरू<br>Indicators | आधार तथ्याङ्क<br>Target | | | पुष्ट्याईका आधार<br>Means of Verification | कार्यान्वयन गर्ने<br>Implementing Agency | मान्यता/जोखिम<br>Assumption / Risk |
|---|---|---|---|---|---|---|---|
| प्रभाव | | ०७०/७१ | ०७१/७२ | ०७२/७३ | | | |
| असर १<br>Outcome 1<br><br>प्रतिफल<br>(Output)<br><br>असर २<br>Outcome 2<br><br>प्रतिफल<br>(Output)<br><br>Output 2.1<br>Output 2.2 | | | | | | | |

| मूख्य मूख्य कार्यक्रम/आयोजनाहरू | क्षमता / स्थिति |
|---|---|
| १. नेपालमा पुर्नबीमा कम्पनी स्थापना गर्ने । | आकष्मिक बीमा कोषलाई पुर्नबीमा कम्पनीको रूपमा परीवर्तन गर्ने प्रक्रया सुरू भैसकेको । |
| २. समितिको सुपरीवेक्षण कार्यलाई अझै स्तरीय बनाउन Risk Based Capital र Solvency Margin को विकाश गर्ने । | Solvency Margin सम्बन्धि निर्देशिका जारी भैसकेको । |
| ३. एक आपसमा गाभिन, स्वमित्त्व हस्तान्तरण वा ग्रहरण गर्न बीमकलाई प्रोत्साहन गर्ने । | Merger सम्बन्धि निर्देशिका जारी भैसकेको । |
| ४. बीमा दाबी सरलीकरणका लागि प्रभावकारी वैकल्पिक संयन्त्रको विकाश गर्ने । | |
| ५. स्वास्थ्य बीमा, बाली बीमा, पशु बीमा र लघु बीमाको विकाश गर्ने । | बाली तथा पशु बीमा लागू भैसकेको र लघु बीमा सम्बन्धि कार्य भैरहेको । |

| नतिजा | सूचकहरू | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०७०।७१ | २०७१।७२ | २०७२।७३ | | | |
| असर १० अन्तरार्ष्ट्रिय मापदण्ड अनुसार बीमा क्षेत्रको पहिचान भई राष्ट्रिय आवश्यकता तथा क्षमता अनुरूपको स्तर वृद्धि सम्बन्धी आधारहरूको विकास भएको हुने । | जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूसंग समन्वय गरी कार्य अगाडी बढाइएको । | | निर्देशिका जारी भएको बीमकहरूको तयार गर्ने कार्य शुरू भइसकेको | | -बीमा समिति तथा कम्पनीहरूको प्रतिवेदनहरू<br>-बीमा समितिले जारी गरेको निर्देशिकाहरू | बीमा समिति र बीमा कम्पनी | अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम बीमा क्षेत्रलाई विस्तार गर्न बीमा कम्पनीहरू पनि उत्साहित रहेको |
| प्रतिफल १०.६ बीमा सेवाको विस्तार | ग्रामीण क्षेत्र एवं न्यून आय भएका समुदायमा बीमा सेवाग्राहीहरूको संख्या वृद्धि प्रतिशत | | -लघु बीमा तथा बाली तथा पशुपंक्षी बीमालेखको संख्यामा वृद्धि (२०७१ असार मसान्तसम्म बीमाङ्क रकम रहेको र नेपाल सरकारको तर्फबाट १ करोड ७० लाख बराबरको प्रिमियम अनुदान प्राप्त भएको) | | -लघु बीमा निर्देशिका<br>-कृषि तथा बाली बीमा निर्देशिका | -बीमा समिति<br>-कृषि मन्त्रालय<br>-बीमा कम्पनी | ग्रामीण क्षेत्रमा सेवा विस्तार गर्न निजी बीमा कम्पनीहरु उत्साहित रहेको । |